का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ मंसिर २०८०,
सोमबार
27 November 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक २९२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# रविले लिएको फरक धार

पार्टी स्थापनाको छोटो समयमै मुलुकको चौथो ठूलो शक्तिको रुपमा उदाएको रास्वपाले एक वर्षभित्रै सरकार र प्रतिपक्ष दुवैको अनुभव लिइसक्यो । ठूला दलहरु नयाँ शक्तिका लागि बाधक भएको र वर्तमान सत्ता गठबन्धन पाँचै वर्ष चल्न सक्ने निष्कर्षसहित रास्वपा सभापति रवि लामिछाने प्रतिपक्षमै रहेर जनमत बटुल्ने अभियानमा केन्द्रित भएका हुन् ।

पार्टी जीवनको महत्वपूर्ण बैठक भएकाले मधेशबाटै सन्देश प्रवाह गर्ने लक्ष्य राखिएको हो ।

■ **मुकुल ढकाल**, *महामन्त्री, रास्वपा*



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को केन्द्रीय समिति र संसदीय समितिको संयुक्त बैठकमा केन्द्रित भएको छ । नेताहरुका अनुसार रास्वपाको आन्तरिक जीवनमा यो बैठकलाई निकै महत्वका साथ हेरिएको छ । बिगतमा मिसन-०८४ भनेर गरिएको प्रचार, यसबीचमा ठूला दलहरुले गरेको व्यवहार र जनताको प्रतिक्रियाका आधारमा रास्सवपा नयाँ नीति तय गरेर त्यसअनुसार आगामी चुनावको तयारीमा जुटेको छ ।

रास्वपाले विगतमा काठमाडौंमा बैठकहरु गर्ने गरेको थियो । यसपटक मंसिर ११, १२ र १३ गते तीन दिनसम्म केन्द्रीय समिति र संसदीय समितिको संयुक्त बैठक जलेश्वरमा सुरु भएको छ । पार्टीका प्रदेश सभापतिहरुको समेत सहभागिता रहने बैठकलाई राणनीतिक महत्वका साथ लिइएको छ । पार्टी स्थापनाको छोटो समयमै मुलुकको चौथो ठूलो शक्तिको रुपमा उदाएको रास्वपाले छोटो समयमै सरकार र प्रतिपक्ष दुवैको अनुभव लिइसक्यो । छोटै समयको अभ्यासबाट ठूला दलहरु नयाँ शक्तिका लागि बाधक भएको निष्कर्षसहित यसका सभापति भूगोल केन्द्रित भएका छन् । यही बेला मधेशमा बैठक राखेर रास्वपाले एउटा सन्देश दिन खोजेको हो ।

रास्वपा सभापति महासचिव मुकुल ढकाल अनुसार बैठकमा केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, प्रदेशहरूबाट सांगठनिक एवं राजनीतिक प्रतिवेदन, पार्टीको आर्थिक प्रतिवेदन, महाधिवेशन विधि र पार्टीको समग्र राजनीतिक रोडम्याप र अवलम्बन गर्ने नीतिका बारेमा छलफल एवं आवश्यक निर्णयहरू हुने छन् । अर्थात्, रास्वपामा राजनीतिक प्रतिवेदनमाथि छलफल हुँदैछ । यसमार्फत् रास्वपाले राजनीतिक रुपमा उसले प्रष्ट नपारेका कैयन विषय समेट्ने छ ।

मुलुकमा पछिल्लो समय राजावादीहरु र गणतन्त्रवादीहरु एक अर्कोको प्रतिवाद गरिरहेका छन् । मेडिकल व्यवसायी दुर्गा प्रसाईंको नेतृत्वमा काठमाडौंमा दशौं हजारको उपस्थितिमा प्रदर्शन भयो । राजावादी देखिने होडमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले झापामा प्रदर्शन गर्‍यो । प्रसाईं समूहले राजधानीमा प्रदर्शन गर्दा एमालेले प्रतिवादमा प्रतिवाद गर्‍यो । ठूला राजनीतिक दलहरु व्यवस्थाको पक्षमा वकालत गरिरहेका छन् भने केही साना दल जनताको वितृष्ण देखाइरहेका छन् । यही बेला राजावादीहरु सलबलाउँदा राजनीतिको केन्द्रमा व्यवस्था र अवस्थाको विषय चर्चामा छ । ठूला दलहरु शान्ति प्रक्रियाको विषयमा छलफल चलाइरहेका छन् । व्यवस्था विरोधीको प्रतिवादमा लागि अभिव्यक्ति दिइरहेका छन् ।

यस्तै छलफल र बहसमा रुमल्लिएर अर्को चुनावमा अपेक्षित नतिजा प्राप्त गर्न नसक्ने निष्कर्षसहित रास्वपा सभापति लामिछानेले फरक धार लिएका छन् । उपप्रधान तथा गृहमन्त्रीसहित सरकारमा गएर पनि छोटो समयमै >>> पृष्ठ २ मा

**जाजरकोट भूकम्प**

# पीडितको अधिकार स्थानीय तहको क्षेत्राधिकार

भूकम्प पीडितले प्राप्त गर्ने सेवा सुविधा र सहुलियतको मुख्य आधार स्थानीय तहको सिफारिसमा हुने गरी क्षेत्राधिकार तय गरिएको छ । यसले पारदर्शिता र प्रभावकारितालाई बल पुऱ्याउने सरोकारवालाको विश्वास छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० मंसिर



*बारेकोट गाउँपालिका-४, जाजरकोटस्थित भगवती माध्यमिक विद्यालय जिरीका विद्यार्थी आपतकालीन सिकाइ केन्द्र नहुँदा खुला आकाशमा पढ्दै । भूकम्पले विद्यालय भत्किएपछि खुला चौरमा पढ्दै आएका छन् । तस्वीरः हेमन्त केसी, रासस*

जाजरकोट र रुकुम पश्चिमा गएको भूकम्पबाट प्रभावितहरुले स्थानीय सरकारकै निगरानीमा सेवा सुविधा प्राप्त गर्ने भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आइतबार बसेको बैठकले पीडितले प्राप्त गर्ने सहुलियतको मुख्य आधार स्थानीय तहको सिफारिसमा हुने गरी क्षेत्राधिकार तय गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको निर्णय अनुसार भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिममा स्थानीय तहले नै लाभग्राही पहिचान गर्नेछ। साथै प्रभावितहरुले अस्थायी आवास बनाउँदा आफ्नो आवश्यकता अनुसार बनाउन सक्ने छन् ।

सरकारले १७ कात्तिकमा गएको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा निजी आवास पूर्ण रुपमा क्षति भएका वा आंशिक रुपमा क्षति भएपनि बसोबास गर्न योग्य नरहेको परिवालाई अस्थायी आवास बनाउन ५० हजार दिने निर्णय गरेको छ ।

'भूकम्प प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि'मा प्रभावितले स्वघोषणा सहित निवेदन दिने र स्थानीय विपद् जोखिम न्यूनीकरण समितिले पहिचान र सिफारिस गरेपछि जिल्लाले स्वीकृत गरेपछि लाभग्राही कायम हुने व्यवस्था छ । तर यो प्रक्रिया लामो भएको गुनासो आएपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आइतबार बसेको बैठकले कार्यविधि संशोधन गर्ने निर्णय गरेको हो ।

अब वडाको सिफारिसमा स्थानीय तहको विपद् जोखिम न्यूनीकरण समितिले स्वीकृत गर्ने व्यवस्था गरेको छ । प्राधिकरणका प्रवक्ता ध्रुव खड्काका अनुसार ' लाभग्राही घोषणा प्रक्रिया लामो भएकाले एक तह छोट्याइएको छ। लाभग्राही घोषणा प्रक्रिया लामो भएकाले एक तह छोट्याइएको हो । अब स्थानीय तहले नै निर्णय गर्छ, जिल्लालाई जानकारी गराए मात्र पुग्छ ।'

कार्यविधिमा अनुदान बैंकिङ प्रणालीबाट मात्र उपलब्ध गराउने व्यवस्था छ । यसका लागि लाभग्राहीले बैंक खाता खोल्दा समय लाग्ने भएकाले आइतबार बैठकले स्थानीय तहले लाभग्राहीको सूची स्वीकृत गरेपछि स्वतः बैंक खाता खोल्ने र वडामा पैसा जाने व्यवस्था गरिएको छ । वडामा पहिलो किस्ता रकम दिँदा बैंक खाताका लागि चाहिने कागजात संकलन गरिनेछ ।

राष्ट्रिय विपद् प्राधिकरणको बैठकले कार्यविधिमा रहेको अस्थायी आवासको ढाँचा बाध्यकारी नभएको समेत बताएको छ । कार्यविधिमा भएको अस्थायी आवासको ढाँचाबारे पनि अपष्ट भएकाले प्रष्ट पारिएको छट । प्रवक्ता खड्काका अनुसार कार्यविधिमा भएको नक्सा बैकल्पिक मात्र हो । परिवारको संख्या अनुसार आफ्नो अनुकुल बनाउन सकिन्छ। निर्माण सामग्री पनि स्थानीय रुपमा जे उपलब्ध छ, त्यो, भत्किएको घरमा भएको सामग्री सबै प्रयोग गर्न सकिन्छ । >>> पृष्ठ २ मा

# सुस्तायो दुर्गा प्रसाईंको आन्दोलन

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १० मंसिर



व्यवस्था नफेरी आन्दोलन नरोकिने घोषणा गरेर सडक संघर्षमा लागेका प्रसाईंले गत बिहीबार काठमाडौंको बल्खुमा झण्डै १० हजार मानिस उतारे । मानिसहरुको उपस्थितिलाई उत्साहका रुपमा लिँदै उनले सिंहदरबार कब्जाको घोषणा गरेका थिए । तर दोस्रो र तेस्रो दिनमै उनको आन्दोलन सुस्त देखिन पुगेको छ ।

दुर्गा प्रसाईंको नेतृत्वमा संघीय राजधानी काठमाडौंमा शुरु भएको आन्दोलन केही दिनमै सुस्ताएको छ। व्यवस्था नफेरी आन्दोलन नरोकिने घोषणा गरेर सडक संघर्षमा लागेका प्रसाईंले गत बिहीबार काठमाडौंको बल्खुमा झण्डै १० हजार मानिस उतारे। मानिसहरुको उपस्थितिलाई उत्साहका रुपमा लिँदै उनले सिंहदरवार कब्जाको घोषणा गरेका थिए । तर, दोस्रो दिन देखि नै उनको आन्दोलन सुस्त हुन थाल्यो । दोस्रो दिन स्थानीय प्रशासनले अनुमति नदिएको ठाउँमा आन्दोलन गर्न लागेपछि झण्डै ३०० जनालाई प्रहरीले पक्राउ गरेर तितरबितर बनाएको थियो । सोही दिन ५ जनालाई मुद्दा चलाउने तयारीसहित बाँकीलाई छाडेको थियो ।

दोस्रो दिन प्रसाइंलाई घर बाहिर निस्कन पनि दिइएको थिए । घर बाहिर निस्कन नदिएको भन्दै उनको तर्फबाट सर्वोच्च अदालतमा रिट निवेदन पुगेको थियो। तेस्रो दिन नै प्रसाईंलाई स्थानीय प्रशासनले घर बाहिर जान दियो। उनले सार्वजनिक रुपमा अभिव्यक्ति पनि दिए। यो संगै उनको बन्दी प्रत्यक्षीकरणको रिट पनिन खारेज भएको छ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानका संयोजक प्रसाइको बन्दी प्रत्यक्षीकरणको रिट आइतबार खारेज भएको हो । औचित्य सकिएको भन्दै न्यायाधीश कुमार चुडालको एकल इजलासले रिट खारेज गरिदिएको हो ।

भक्तपुरस्थित निवासमा सुरक्षाकर्मीले आफूलाई सीमित राखेको >>> पृष्ठ २ मा


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: CLEANCO TRADING IMPORTING & SERVICES EST | शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८०/०८/०८ | चलानी नं.: ६०२१०५५५ | L.T. No.: 295514

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 75 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Female Cleaner | 0 | 75 | | 950 | ३४,४२८ | | | | | | | |

अन्तर्वार्ता होटेल रेड कार्पेट, चितवन भरतपुरमा मिति २०८० मंसिर १८ गते (4 December 2023) मा हुनेछ ।
अन्तर्वार्ता मिड टाउन होटेल, पोखरा कास्कीमा मिति २०८० मंसिर १९ गते (5 December 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर २० गते (6 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ११९५/०७३/०७४
**Ishan International Overseas Pvt. Ltd.**
New Baneshwor-34, Kathmandu, Tel.: 01-4796201, 4796202, Fax : 01-4796203
Branch Office: Atithi Sadan Road, Birtamod, Jhapa Tel: +23-590603, 590307
Email: isonepalos@gmail.com, Web.: www.ishanintl.com


**वैदेशिक रोजगार विशेष**

# मलेसियामा १८ वर्ष हराएका गोपाल उद्धारपछि आमाको काखमा !



उद्धार गरिएका गोपाल आमासँग ।



उद्धार गरिएका गोपालका साथमा बायाँ विश्वप्रकाश शर्मा, दयाँ चोलाकान्त पंङ्गेनी ।

**झापा/रासस-** वैदेशिक रोजगारीका क्रममा मलेसियामा हराएका मेचीनगर नगरपालिका-६ का ३७ वर्षीय गोपाल घिमिरे उद्धारपछि घर आइपुगेका छन्। १८ वर्षअघि मलेसिया गएका घिमिरेलाई मलेसियाको नेपाली जनसम्पर्क समितिले खोज तथा उद्धार गरेर नेपाल पठाएको हो ।

उनकी आमा सानी घिमिरेले खोजीका लागि सार्वजनिक अपिल गरेपछि गोपालको खोजी भएको थियो । शुक्रबार क्लालाम्पुरबाट काठमाडौं आएका गोपाल शनिबार घर पुगेको सांसद एवम् नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले जानकारी दिए। मलेसियामा खोज्न र उद्धार गरेर >>> पृष्ठ २ मा

## ठगीको करिब ३४ लाख फिर्ता

**तनहुँ/रासस-** सुरक्षित आप्रवासन परियोजना (सामी)को पहलमा वैदेशिक रोजगारको सिलसिलामा ठगिएका तनहुँका १९ जनालाई रकम फिर्ता गरिएको छ । आर्थिक वर्ष २०७९/०८० मा दर्ता भएका ६२ वटा मुद्दामध्ये १९ जनाको ठगिएको रकम फिर्ता गराउन परियोजना सफल भएको हो । ३३ लाख ८० हजार रकम पीडित व्यक्तिलाई फिर्ता गराइएको सामी कार्यक्रमकी परामर्शकर्ता गोमा तिवारीले जानकारी दिइन् ।

त्यसैगरी करार उल्लंघन गरेका वा सम्झौताअनुरुप काम गर्न नपाएका २४ घटनामध्ये २३ वटाको सफल कार्य भएको छ । एका दुई घटनाको प्रमाणविहीन रहेकाले प्रक्रिया अघि बढाउन नसकिएको उनले बताइन् । सम्झौताअनुरुप काम नलगाई अन्य काममा पठाइएका व्यक्तिलाई स्वदेश झिकाइ >>> पृष्ठ २ मा


## QATAR मा रोजगारको अवसर

कम्पनी : PREFERENCE CARE | शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०३/१४ | चलानी नं.: ६०१८२००९ | LT. No.: 266090 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse | 0 | 1 | स. काममा दक्ष | 4200 | १५३,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०८० मंसिर १८ गते (4 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ९२६/०६७/०६८
**VASTU MANAGEMENT SERVICE PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel. : 01-4561217, 4561317, Mob.: 9828223556, 9808772723.
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

११ मंसिर २०८०, सोमबार
27 November 2023, Monday

## रविले...

बाहिरिएका उनी फेरि सरकारमा जाने तयारीमा रहेको यदाकदा आउँछन् । तर, वर्तमान सत्ता गठबन्धन पाँचै वर्ष चल्ने बुझाइका साथ उनी सरकार बाहिरै रहेर जनमत बटुल्ने ध्याउन्नमाा लागेका हुन् । यसका लागि रास्वपा नेतृत्वको एउटा टोली जनताको रहेको रुपमा जाजरकोट र रुकुम पश्चिममा क्रियाशील छ । सांसदहरुले एक चरण घरदैलो अभियान सकाए । पराजित उम्मेदलवारहरुले पनि घरदैलो गरे । अब पार्टीका कतिपय विषय र व्यवहारमा स्पष्टता लिँदै प्रतिपक्षमै रहेर जनमत बटुल्ने धार रास्वपा सभापति लामिछानेले लिन खोजेका छन् ।

महामन्त्री मुकुल ढकालका अनुसार 'पार्टी जीवनको महत्वपूर्ण बैठक भएकाले मधेशबाटै सन्देश प्रवाह गर्ने लक्ष्य' रास्वपाको छ ।

प्रभावकारी बनाउन भएका कानुनहरु विपद् व्यवस्थापन ऐन अनुकूल हुने गरी संशोधन प्रक्रिया अगाडि बढाउने निर्णय पनि आइतबारको बैठकले गरेको छ ।

अर्थात, भूकम्प पीडितले प्राप्त गर्ने सेवा सुविधा र सहुलियतको मुख्य आधार स्थानीय तहको सिफारिसमा हुने गरी क्षेत्राधिकार तय गरिएको छ । यसले पारदर्शिता र प्रभावकारितालाई बल पुर्‍याउने सरोकारवालाको विश्वास छ ।

## सुस्तायो...

भन्दै प्रसाईंले शुक्रबार बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता गराएका थिए । वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीले प्रसाईंको पक्षबाट सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएका हुन् ।

प्रसाईंले आन्दोलन गरेपछि राप्रपाले पनि झापामा शनिबार शक्ति प्रदर्शन गर्‍यो । अध्यक्ष राजेन्द्र लिङ्देनको अगुवाइमा शक्ति प्रदर्शन भएपछि प्रसाईंको आन्दोलन ओझेलमा परेको कतिपयको टिप्पणी छ । राप्रपाका नेता/कार्यकर्ताले झापाको बिर्तामोडमा पूर्वराजा ज्ञानेन्द्र शाहलाई भव्य स्वागत गरे । त्यही स्तरको उपस्थिति काठमाडौंमा हुने अपेक्षा गरेका प्रसाईं राजा मौन रहेपछि निराश भएका हुन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीको साथ पाउने आश गरेका प्रसाईंले सहयोगसम्म पाएनन् । राजा ज्ञानेन्द्रकै सदासयता हुने विश्वास गरेका उनी यसमा पनि निराश भए । जसको प्रभाव आन्दोलनमा देखा परेको हो ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानको रुपमा प्रदर्शनमा उत्रिएका प्रसाईंको आन्दोलनलाई केही राजावादीहरूको साथ रहेको भनिए पनि राजावादी पार्टी (राप्रपा)ले संस्थागत रुपमा साथ नदिएको हो ।

राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, राप्रपा संसदीय दलका प्रमुख सचेतक ज्ञानेन्द्र शाही, राप्रपा नेपालका अध्यक्ष कमल थापा लगायत पनि राजवादी बन्ने होडमा छन् । तर, प्रसाईंको आन्दोलनमा ज्ञानेन्द्र शाही मात्रै उपस्थित भए । मिश्र र थापाले सामाजिक सञ्जालबाट समर्थन जनाए । यी लगायतका कारणले पनि प्रसाईं नेतृत्वको आन्दोलन सुस्त हुन पुगेको हो ।

## मलेसियामा...

नेपालसम्म ल्याउन पहल गरेका सांसद शर्माले आमा सानीको कारुणिक अपिलपछि मलेसियामा रहेको नेपाली जनसम्पर्क समितिको सक्रियता र त्यहाँको नेपाली राजदूतावासको सहयोगमा गोपालको सकुशल उद्धार सम्भव भएको बताए । 'गोपाल भाइ मलेसियामा भेटिनुभयो मात्र होइन उहाँकी आमाले हराइरहेको छोरालाई आज आफ्नै अँगालोमा पाउनुभयो,' सांसद शर्माले उद्धारप्रति खुसी व्यक्त गर्दै भने, 'यो नै सबैभन्दा ठूलो खुसी हो ।'

गैरकानूनीरूपमा मलेसियामा रहेका गोपाललाई स्वदेश फर्काउन हवाई टिकट र जरिवाना गरेर नेपाली एक लाख चार हजार एक सय ६० तिर्नुपरेको नेपाली जनसम्पर्क समिति मलेसियाका अध्यक्ष चोलाकान्त पङ्गेनीले जानकारी दिए ।

विसं २०६१ चैत ८ गते प्रोडक्सन अपरेटर कामका लागि श्रम अनुमतिपत्र पाएर १९ वर्षका उमेरमा गोपाल मलेसिया गएका थिए । घर फर्किँदा उनी ३७ वर्षका भए । मलेसिया पुगेको एक सातापछि उनीमाथि गैरकानुनी कामदार भएको आरोप लागेको थियो । यसपछि उनको वास्तविक अवस्थाबारे नेपालमा रहेको परिवार बेखबर थियो ।

विदेशमा हराएको छोरा फर्केर घर आएकामा घिमिरेकी आमा सानीले खुसी व्यक्त गरिन् । उनले छोरा खोजिदिन पहल गरिदिने सबैप्रति आभार प्रकट गर्दै अब दुःखजिलो गरेर स्वदेशमै गरिखाने बाटोमा लाग्न छोरालाई आग्रह गरिन् ।

गोपालले मलेसियामा रहँदा ज्यादै दुःख र सास्ती व्यहोर्नुपरेको बताए । 'गैरकानूनी कामदार भएपछि बस्न र खानै मुस्किल परेको थियो,' उनले आमासँग आफ्नै घरमा भेट भएपछि भने, 'यतिका वर्ष विदेश बस्दा सुको कमाएर घर पठाउन सकिनँ । आमाको आशीर्वादले बाँचेर आउन पाएँ, यसैमा म खुसी छु ।'

घरमा गोपालका एक छोरा पनि छन् । उनकी आमा सानी नेत्रहीनको समूहलाई सडक गायनमा डोहोर्‍याएर गुजारा चलाउँदै आएकी छन् । घरको आर्थिक स्रोतले खान लाउन नपुग्ने जनाउँदै छोरालाई वैदेशिक रोजगारीमा पठाउन ऋण काढ्दा घर पनि बैंकको धितोमा रहेको उनले बताइन् ।

## ठगीको...

पाँच लाख क्षतिपूर्तिबापतका रुपमा उपलब्ध गराइएको छ । वैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएका १८ जनाको शवमध्ये नौ जनाको शव नेपाल झिकाउन सफल भएको सो परियोजनाले जनाएको छ ।

मृतकका परिवारलाई दुई करोड ९१ लाख ८४ हजार दुई सय ६१ रुपैयाँ आर्थिक सहायताका लागि सहजीकरण गरिएको छ । 'श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका व्यक्ति दुर्घटनामा परी घाइते भएका ३४ जनाले रु ५० हजारका दरले आर्थिक सहयोग पाएका छन्,' उनले भनिन्, 'वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यले उक्त सहायता रकम पाउनेछन् ।'

दुर्घटनामा परी घाइते तथा अपाङ्गता भएको अवस्थामा अवस्था हेरी एक लाखदेखि सात लाख रूपैयाँमसम्म पाउने व्यवस्था रहेको परामर्शकर्ता तिवारीले बताइन् । 'उक्त आवमा ५५ लाख ८५ हजार रुपैयाँ आर्थिक सहायता पाएका छन्,' उनले भनिन्, 'दुई जनाको मेडिकल फेल भएकाले ५० हजार रुपैयाँका दरले एक लाख रुपैयाँ प्राप्त गरेका छन् ।'

## जाजरकोट...

शिक्षण संस्था, स्वास्थ्य चौकी, सरकारी कार्यालय पुनर्निर्माण गर्न समय लाइने भएकाले अस्थायी प्रबन्ध गरेर सेवा सुचारु गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय पनि भएको छ । साथै खोज उद्दार, राहत वितरणलाई


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०९/१४ मा दर्ता भएको **प्रा.लि. नं. ३०४५९७** को **लिमिटलेस एजुकेशन नेटवर्क एण्ड कन्सल्टेन्सी प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६/०५/१० मा दर्ता भएको **दिदी बहिनी होटल प्रा.लि. (प्रा.लि. नं. २२२५१४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



# कुबेतमा रोजगार

कम्पनी: **FORMAN GENERAL TRADING CO.**
शहर: **Kuwait**

पूर्व स्वीकृत मितिः २०८०/०७/२२ चलानी नं.: ६०२०९९२८ L.T. No.: 294648 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ३८,८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 5 | 0 | | 135 | ५८,२७८ | | | | | | | |
| 3. | Reporter | 2 | 0 | | 135 | ५८,२७८ | | | | | | | |

# साउदीमा रोजगार

कम्पनी: **HAMED SAUD AL-OTAIBI CONTRACTING EST**
शहर: **RIYADH**

पूर्व स्वीकृत मितिः २०८०/०५/१७ चलानी नं.: ६०२०७११२ L.T. No.: 291859 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर १८ गते (4 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचालमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३

**New Sambriddhi Overseas Pvt. Ltd.**
Airport, Manpower Bazar, kathmandu, Tel: 01- 4112990 / 4112991
Fax : 01-4475670, Email: sambriddhinew@gmail.com
Mobile: 9818081225 | 9869396315 | 9841215500



**कालीमाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रामपुर, सल्यान
कर्णाली प्रदेश

## नदीजन्य पदार्थको दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०८/११ गते)

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को घ (६) मा भएको व्यवस्था बमोजिम कालीमाटी गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन अनुसार कर्णाली प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि-२०७५ को दफा ७ को उपदफा (२) बमोजिम देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी कार्य आ.व.२०८०/०८१ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरीएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र खरिद गरी देहायको मिति र समयभित्र दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

आन्तरिक आय ठेक्का विवरण

| सि. नं. | ठेक्का/ सुचना नं. | नदी / खोलाको घाँटको विवरण | आ.व २०८०।०८१ को नदीजन्य पदार्थ विक्री परीमाण (घन फिटमा) | आ.व.२०८०/०८१ को नदीजन्य पदार्थ बिक्री शूल्क दर (घन फिटमा) | आ.व.२०८०।०८१ को नदीजन्य पदार्थ विक्री वापत जम्मा विक्री शल्कको न्यूनतम् अंक (भ्याट वाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | KRM/SQ/GOODS/080/81/04 | सारदा खोलाको मस्खोला दोभन, सकरे रह, कालीधार कोतर, कोल्तारा, कुन्दिखोला दोभन, पुराखेत मन्दिर , बलुवा सिम्लेछारी, झिर घाँट | ३३७४०२.०४ | ३।०० | १०१२२०७.०२।०० | दरभाउपत्र |

ठेक्का सम्बन्धि शर्तहरुः

१. माथि उल्लेखित ठेक्काहरुको लागि रु.१०००/- (फिर्ता नहुने गरी) दरभाउपत्र फारम खरिद गरी पेश गर्नु पर्नेछ।

२. ठेक्का अवधि सामान्यतया आ.व.२०८०/०८१ को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परीमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईने छैन।

३. IEE प्रतिवेदनले निषेध गरको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री बिक्री तथा निकासी गर्न सकिनेछ।

४. सम्झैता गर्दा माथी उल्लेखित सबै ठेक्काहरुमा कबोल अंङ्को थप मुल्य अभिवृद्दी कर (१३%) ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ।

५. धरौटी वापत कबोल गरेको अंकको ५% रकम यस कालीमाटी गाउँपालिका सल्यान नबिल बैंक कालीमाटी शाखास्थित बैंक धरौटी खाता नं. २३४०१०१७५०००१६ मा नगद दाखिला गरेको सक्कल भौचर वा दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको बैंक जमानत (विड विन्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्ता समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

६. दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नबिल बैंक कालीमाटी शाखास्थित आन्तरिक राजश्व खाता नं. २३४०१०१७५०००२७ मा दाखिला गर्नुपर्नेछ।

७. कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. दरभाउपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही गरीने छैन।

९. ठेक्कामा कुनै विवाद भएमा कालीमाटी गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

१०. उपरोक्त दरभाउपत्रहरुको लागि १६ औं दिन सम्म www.bolpatra.gov.np मार्फत खरिद गरि १६ औं दिन दिनको १२:०० बजे सम्म दर्ता भएका दरभाउपत्र सोही दिन दिनको २:०० बजे कालीमाटी गाउँपालिकाको कार्यालयमा खोलिनेछ।

११. दरभाउपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा ततत कार्यहरु गरिनेछ।

१२. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ।

१३. यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका दरभाउपत्र हरु मुल्याङ्कनमा समावेश गरिने छैन।

१४. यस सूचना प्रकाशित गरेपछि कर्णाली प्रदेश सरकारबाट दररेटमा कुनै फेरबदल गरेको खण्डमा कबोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ।

१५. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय महेन्द्रनगर, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/११ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय महेन्द्रनगर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० मंसिर २६ गते मंगलबार**का दिन शाखा कार्यालय महेन्द्रनगर, धनुषामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

**ऋणीको विवरण:**
बच्चे लाल महतो कोइरीको नाति, राम सुन्दर महतो कोइरी/राजो देवी कोइरीको छोरा, देव सुनैर कुमारी देवीको पति, धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०३ (साविक धनुषा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं.०१) बस्ने **शंकर महतो** (ना.प्र.नं. १७३०९१/४३०, जारी मिति २०६३/१०/२९, जिल्ला प्रशासन कार्यालय धनुषा)।

**व्यक्तिगत जमानीकर्ताहरुको बिवरण**
१. बहादुर महतो कोइरीको छोरी, राम सुन्दर महतो कोइरी/राजो देवी कोइरीको बुहारी, शंकर महतोको पत्नी, धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०३ (साविक धनुषा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं. ०१) बस्ने **देव सुनैर कुमारी** (ना.प्र.नं. ९८८९२०६२, जारी मिति २०६२/११/१०, जिल्ला प्रशासन कार्यालय धनुषा)।
२. बच्चे लाल महतो कोइरीको नाति, राम सुन्दर महतो कोइरी/राजो देवी कोइरीको छोरा, धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०३ (साविक धनुषा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं.०१) बस्ने **दिलिप कुमार महतो** (ना.प्र.नं. १७१०९१/३३७, जारी मिति २०६७/१२/२२, जिल्ला प्रशासन कार्यालय धनुषा)
३. हजारीलाल महतोको नाति, बच्चे लाल महतो कोइरीको छोरा, धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०३ (साविक धनुषा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं.०१) बस्ने **राम सुन्दर महतो कोइरी** (ना.प्र.नं. १७३०९१/८८, जारी मिति २०६३/१०/२६, जिल्ला प्रशासन कार्यालय धनुषा)।
४. लखन महतोको छोरी, बच्चे लाल महतो कोइरीको बुहारी, राम सुन्दर महतो कोइरीको पत्नी, धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०३ (साविक धनुषा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं.०१) बस्ने **राजो देवी कोइरी** (ना.प्र.नं. १७३०९१/७९, जारी मिति २०६३/१०/२६, जिल्ला प्रशासन कार्यालय धनुषा)

**लिलाम हुने सम्पत्तिको विवरण:**
१. **देव सुनैर कुमारी**को नाममा मालपोत कार्यालय, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०३ (साविक धनुषा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं.०१ ख) स्थित कित्ता नं. २०३४ र ३५७७ को क्षेत्रफल क्रमशः ०-०-४-० र ०-०-१-८ (बि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

**शर्तबन्देजहरुः**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० मंसिर २५ गते** भित्र बैंकको शाखा कार्यालय महेन्द्रनगर, धनुषामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय महेन्द्रनगर, धनुषाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८० मंसिर २६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय महेन्द्रनगर, धनुषामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय महेन्द्रनगर, धनुषामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० मंसिर २६ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय महेन्द्रनगर, धनुषा फोन नं. ०४१-५४०३५१/०४१-५९१२५२**

# २० दिनदेखि बेपत्ता महिलाको शव फेला

**तिलु शर्मा पौडेल/मध्यान्ह**
म्याग्दी, १० मंसिर

विगत २० दिनदेखि बेपत्ता म्याग्दीको मङ्गला गाउँपालिका-३, बरंजाकी ३० वर्षीया पुष्पा सापकोटाको शव फेला परेको छ।

गएको कात्तिक २१ गते बिहान बेनी नगरपालिका-८, क्याम्पस चोकबाट सम्पर्कविहीन भएकी सापकोटाको आइतबार बिहान करिब ९ बजे छिमेकी जिल्ला पर्वतको जलजला गाउँपालिका वडा नं ३ ठूलो सल्लेरी र भिर मुनी सामुदायिक बनमा शव फेला परेको जिल्ला प्रहरी कार्यालयले म्याग्दीले जनाएको छ।




जंगलमा बेवारिसे अवस्थामा शव देखिएपछि पुगेको प्रहरीको टोलीले मृतक सापकोटा भएको पहिचान गरेको प्रहरी नायव उपरीक्षक मदन कुँवरले मध्यान्ह राष्ट्रिय दैनिकलाई बताए। सब पोस्टमार्टमका लागि बेनी अस्पतालमा राखिएको र घटनाको अनुसन्धान पर्वत प्रहरीबाट भइरहेको छ।

घटनास्थल पर्वतमा पर्ने भएकाले प्रहरी कार्यालय पर्वतबाट नै टोली खटिएर अनुसन्धान गर्ने र पोस्टमार्टम गरेपछि शव परिवारको जिम्मा लगाइने भएको छ। अस्पताल चोकस्थित नेशलन पाण्डे मेडिकलमा कार्यरत सापकोटा मेडिकलबाट निस्किएपछि परिवारको सम्पर्कमा नआएपछि परिवारले प्रहरीलाई खबर गरेका थिए।

मेडिकलमा काम गर्दागर्दै निस्किएकी पुष्पाको मोबाइल लोकेसनको अनुसन्धान गर्दा क्याम्पस चोकको टावर रेन्जभित्र रहेको देखिएको थियो। घटना र घटनास्थल हेर्दा अहिले नै केही भन्न सक्ने अवस्था नरहेकाले थप अनुसन्धान आवश्यक रहेको बताइएको छ।

# मिटर बिना नै जडान गरिएका लाइन काट्न शुरु

**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, १० मंसिर

रौतहटमा मिटर बिना नै जडान गरिएका टावर लाइटको लाइन काट्न शुरु गरिएको छ।

नेपाल विद्युत प्राधिकरणले रौतहटका १८ वटै स्थानीय तहमा सडकको चौबाटो, खेल मैदान, मन्दिरलाई लक्षित गरी जडान गरिएको टावर लाइटमा मिटर बिना नै सडक बत्ती जडान गर्न थालेपछि अभियानकै रुपमा लाइन काट्न शुरु गरेको हो।

चन्द्रपुर र बृन्दावन नगरपालिकाले जडान गरेको ६० भन्दा बढी टावर लाइटको लाइन नेपाल विद्युत प्राधिकरण चन्द्रनिगाहपुर वितरण केन्द्रले काटिसकेको छ। पछिल्लो समयमा पालिकाहरुले उज्यालो अभियान भन्दै अनुमती नलिइ सिँधै हुकिङ्ग गरेर जडान गर्न थालेपछि प्राधिकरणका विभिन्न वितरण केन्द्रले पहिलो चरणमा लाइन काट्न थालेको छ। काटिएका लाइन जडान गरी विद्युत उपभोग गरेर लाइट नै जफत समेत गर्ने प्राधिकरणले जनाएको छ।



प्राधिकरणले पालिकालाई पटक-पटक मिटर जडान गर्न र बक्यौता रकम तिर्न गरेको आग्रहलाई अटेर गरेपछि लाइन काट्ने अभियान शुरु गरेको हो। प्राधिकरणले कात्तिक मसान्तभित्र सडक बत्ती/टावर लाइटबाट उठेको महशुल बुझाउन पालिकालाई सूचना जारी गरेको थियो। दोस्रो पटक मंसिर ६ गते एक साताको समय दिएपनि अवैध जडान गरिएको लाइन काट्न थालिएको प्राधिकरण चन्द्रनिगाहपुर वितरण केन्द्रका प्रमुख धीरेन्द्र यादबले बताए।


## मोटरसाईकल हरायो

मिति २०८०।०७।१५ गते बिहान ३ बजे का.जि. का.म.पा. वडा नं. २६ रेडन कलेजको छेउमा पार्किङ बाट मेरो निम्न व्यहोरा भएको २०० सिसिको सेतो रंगको पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला

नाम : क्षितिज कुमार भट्ट
मो.सा.न. : सु.प.प्र. ०१-०१० प ७९७४
चेसिस नं. :MD2A36FX6MCA85357
इन्जिन नं. :JLXCMA38275
सम्पर्क नं. : 9815639822

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAJ AL MADINA BUILDING MAINTENANCE L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/०७ — चलानी नं.: ६०२१०५९४ — L.T. No.: 295454

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 20 | स. काममा दक्ष | 1000 | ३६,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : ORION SECURITY SERVICES LLC. — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/१० — चलानी नं.: ६०२१०५९२ — L.T. No.: 295452

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - SIRA | 200 | 50 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard (PSBD) | 100 | 50 | | 2000 | ७२,४८० | | | | | | | |

३. कम्पनी : NATIONAL CORPORATION FOR TOURISM & HOTELS — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/१० — चलानी नं.: ६०२१०५९३ — L.T. No.: 295453

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst Cooks | 30 | 0 | स. काममा दक्ष | 900 | ३२,६१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chamberman Chambermaid | 50 | 0 | | 900 | ३२,६१६ | | | | | | | |
| 3. | Cleanig Worker | 100 | 20 | | 900 | ३२,६१६ | | | | | | | |
| 4. | Cleaning Supervisor | 5 | 0 | | 1800 | ६५,२३२ | | | | | | | |
| 5. | Foreign Food Cook | 15 | 0 | | 1500 | ५४,३६० | | | | | | | |
| 6. | Office Boy. | 30 | 0 | | 1000 | ३६,२४० | | | | | | | |
| 7. | Office Girl. | 0 | 30 | | 1000 | ३६,२४० | | | | | | | |
| 8. | Pastries Maker | 15 | 0 | | 1500 | ५४,३६० | | | | | | | |
| 9. | Sandwich Maker | 5 | 0 | | 1400 | ५०,७३६ | | | | | | | |
| 10. | Vegetable And Fruit Cooker | 5 | 0 | | 1500 | ५४,३६० | | | | | | | |
| 11. | Waiter | 25 | 0 | | 1200 | ४३,४८८ | | | | | | | |
| 12. | Waitress | 0 | 25 | | 1200 | ४३,४८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० मंसिर १८ गते (4 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

## DOCUMENTATION आवश्यकता

- कम्प्यूटरमा अनुभवी ।
- अंग्रेजी/नेपाली टाइपिङ गर्न सक्ने ।
- न्यूनतम योग्यता BBS Pass गरेको हुनुपर्ने ।
- महिला ।
- तलब आपसी समझदारीमा हुनेछ ।
- अफिस समय १०:०० बजे देखि ५:०० बजे सम्म ।
- डकुमेन्टेसन गर्न सक्ने ।

AVIOSUPPORT HUMAN RESOURCES PVT.LTD.
Ratopool Ghaushala, Kathmandu, Tel.: 01-5914474, 9802075100
Email: info@aviosupporthr.com, Web: www.aviosupporthr.com


## कम्पनी गाभ्ने र गाभिने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०८/११ गते

पावर हाउस ओभरसिज कन्सर्न प्रा.लि. (प्रा.लि.नं. ४६४०१) को मिति २०७६/०३/३१ को वार्षिक विशेष साधारण सभाको गाभ्ने निर्णय, भेनस इन्टरनेशनल एच.आर. सोलुशन प्रा.लि. (प्रा.लि.नं. १६४९२२) को मिति २०७६/०३/३१ मा सम्पन्न वार्षिक विशेष साधारण सभाको गाभिने निर्णय र पानास्को नेपाल एच.आर. सोलुसन प्रा.लि. (प्रा.लि.नं. १७८१८५) को मिति २०७६/०३/३१ मा सम्पन्न वार्षिक विशेष साधारण सभाको गाभिने निर्णय साथै मिति २०७६/०४/०४ को संयुक्त बैठकको निर्णय बमोजिम भेनस इन्टरनेशनल एच.आर. सोलुशन प्रा.लि. (प्रा.लि.नं. १६४९२२) र पानास्को नेपाल एच.आर.सोलुसन प्रा.लि. (प्रा.लि.नं. १७८१८५) लाई त्यस कम्पनीमा गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति ऋण, धन दायित्व गाभ्ने कम्पनीले व्यहोर्ने सकार्ने गरी त्यस कम्पनीमा गाभ्न र गाभिए पछि **पावर हाउस ओभरसिज कन्सर्न प्रा.लि.** (प्रा.लि.नं. ४६४०१) बाट कारोवार गर्न कम्पनी ऐन, २०६३ को दफा १७७ बमोजिम मिति २०७६/०५/१८ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
## सडक डिभिजन सुर्खेत
सुब्बाकुना

### बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना

(प्रकाशित मितिः २०८०/०८/११)

यस सडक डिभिजनको सूचना नं.२-०८०-८१, मिति २०८०/०६/२४ मा राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा प्रकाशित बोलपत्रको सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मुल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

देहायः

| सि.नं. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस सहित) |
|---|---|---|---|
| १ | RDSKT/33731011-3/080/81-06 | M/S Royal Consult & Builders Pvt. Ltd., Surkhet | २,०४४,६६०.४३ |
| २ | RDSKT/33701169-4/080/81-07 | M/S Birat/Roshni JV, Surkhet | २,३५१,६६५.६१ |
| ३ | RDSKT/33731011-3/080/81-08 | M/S Kushal and Sahil Construction Company Private Limited, Dang | ३,१५६,३५५.५६ |
| ४ | RDSKT/33701169-4/080/81-09 | M/S Risab Nirman Sewa, Surkhet | ४,६९४,६७८.१२ |

डिभिजन प्रमुख

## इस्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्रको आशयपत्र सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/१०

यस गाउँपालिका कार्यपालिकाको कार्यालयको आ.व. २०८०/८१ अन्तर्गत PROCUREMENT OF FABRICATION & Transportation OF (Fabricated Steel Parts for Trail Bridge for Syala Chisa khola Suspension Trail Bridge) खरिद गर्ने कार्यका लागि मिति २०८०/०६/११ गतेका दिन प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएका तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

| ठेक्का नं. | विवरण | निर्माण कम्पनि | कबोल रकम |
|---|---|---|---|
| OIRM/GUL/NCB/80/81-07 | PROCUREMENT OF FABRICATION & Transportation OF - Fabricated Steel Parts for Trail Bridge for Syala Chisa khola Suspension Trail Bridge | श्री Lumbini Engineering Works Pvt. Ltd. Butwal Industries Areal Butwal | रू १६,८९,८०८।६१ (भ्याट र पि.एस. बाहेक) |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

## Invitation for Bids

## Jhapa Rural Municipality
## Office of Rural Municipal Executive
Taghandubba, Jhapa

### Invitation for Bids No: SQ/JRM/Jhapa/01/080-81
### Invitation for Bids No: SQ/JRM/Jhapa/02/080-81

**Date of Second publication: 2023-11-27 (2080-08-11)**

1. [Jhapa Rural Municipality, Office of Rural Municipal Executive] invites electronic bids from Nepalese eligible bidders for the procurement of [Supply and Delivery of Ayurveda Medicine] under Sealed Quatation Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost Nrs. 1000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : NIC ASIA**
   **Name of Office : Jhapa Rural Municipality**
   **Office Code no. : 80101325**
   **Office Account no. : Aantark rajaswa khata no. 2022050512514014**
4. Electronic bids must be submitted to the office [Jhapa Rural Municipality] through PPMO website www.bolpatra.gov.np/egp on or before [12:00 PM] on [2023-12-04 (2080/08/18)]. Bids received after this deadline will be rejected.
